# ताप्ली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रुपाटार, उदयपुर
### १ नं प्रदेश नेपाल

प.सं.:२०७७/७८ (शिक्षा युवा तथा खेलकुद शाखा)
च.नं.: ८९६

मितिः २०७८/०५/२७

विषयः छात्रवृत्तीको लागि आवेदन पेश गर्ने सम्बन्धमा।

श्री सम्बन्धित सरोकारवालाहरु ।

प्रस्तुत विषयमा ताप्ली गाउँपालिका स्थायी ठेगाना भई नेपाल सरकार मातहतको शैक्षिक संस्थामा प्राविधिक धारमा (नेपाल सरकारले तोकेका विषयहरुको लागि ) उच्च शिक्षा अध्ययनरत विपन्न विद्यार्थीहरुको लागि ताप्ली गाउँपालिकाद्वारा आ.ब २०७८/७९ को लागि तोकिएबमोजिमको छात्रवृत्तिको व्यवस्था गरिएको हुनाले आबश्यक कागजात सहित मिति २०७८/०६/१० गते भित्र तपसिलको आवश्यक कागजात सहित कार्यालय समय भित्र उपस्थित भई आवेदनको लागि सम्बन्धित सबैमा जानकारीको अनुरोध छ।
म्याद नाघी आएका र आबश्यक कागजात नपुगी परेका आवेदन दर्ता गरिने छैन ।

..........................
सन्जुकुमारी दाहाल
शिक्षा शाखा प्रमख

सन्जुकुमारी दाहाल
शिक्षा शाखा प्रमुख

तपसिलः
निवेदन साथ अनीवार्य पेश गर्नुपर्ने कागजातहरु

१. विद्यार्थीको नागरिकता, जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपि,
२. विद्यार्थी परिचय-पत्रको प्रतिलीपी,
३. अपाङ्गताको लागि अपाङ्गता परिचय-पत्रको प्रतिलीपी,
४. आमा बावुको अवस्था खुल्ने कागजात (मृत्यु भएको भएमा मृत्य दर्ता, विपन्नको वडाको सिफारीस पत्र),
५. आदिवासी जनजातीको लागि आधिकारीक निकायबाट प्रमाणीत पत्रको प्रतिलीपी (नेपाल आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत नभएकाहरुको लागि मात्र),
६. दलितको हकमा उक्त थर भएको व्यक्ति दलित जाती हो भनेर आधिकारीक निकायबाट प्रमाणित पत्रको प्रतिलीपी (राष्ट्रिय दलित आयोगमा सुचीकृत नभएकाहुरको लागि मात्र),
७. विपन्न परिवार तथा स्थायी ठेगाना प्रमाणित गर्ने कागजात / बसोवास गर्ने सम्बन्धित वडाको सक्कलै सिफारिस पत्र,
८. SEE, BLE +2 उत्तीर्ण प्रमाणपत्रको प्रमाणित प्रतिलीपी,
९. आमा बुबाको परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि